तुलसीपुर उपमहानगरपालिकाको नगरसभामा
२०७५ असार ८ गते
नगरप्रमुख घनश्याम पाण्डेले प्रस्तुत गर्नुभएको

# नीति तथा कार्यक्रम

तुलसीपुर उपमहानगरपालिका
५ नम्बर प्रदेश, नेपाल
२०७५

नगरसभाका सदस्यज्यूहरू,

तुलसीपुर उपमहानगरपालिकाको सम्मानित नगर सभा समक्ष नगर कार्यपालिकाको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अपार हर्षको अनुभुति गरिरहेको छुँ । तुलसीपुर उपमहानगरपालिकालाई आत्मनिर्भर,समाजवाद उन्मुख, सुन्दर र समृद्ध वनाउने साझा ध्येयतर्फ यस नीति तथा कार्यक्रममा अन्तरनिहित रहेको कुरा उल्लेख गर्न चाहन्छु ।

यस महत्वपूर्ण अवसरमा सर्वप्रथम मुलुकमा लोकतन्त्रको वहाली, नागरिकका मौलिक हक तथा अधिकारको पूर्ण उपभोग तथा समाजको आमूल परिवर्तनका लागि विभिन्न समयमा आफ्नो जीवन आहुति दिने अमर शहिदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । मुलुकको राजनीतिलाई जनताको पक्षमा अघि वढाउन योगदान पुर्‍याउने अग्रज नेताहरूप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

ठीक एक वर्ष अघि सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा तुलसीपुर उपमहानगरपालिकावासी आदरणीय जनताको अमूल्य मतबाट विजयी भई यस उपमहानगरपालिकाको प्रमुख पदको जिम्मेवारी सम्हालेकोमा पहिलो सभाबाट तुलसीपुर उपमहानगरपालिकाको विकास र समृद्धिको मार्गचित्र कोर्दै अघि वढ्दै आज तेस्रो नगर सभासम्म आइपुगेका छौ । जनताको समावेशी विकास र समुन्नत जीवनयापनको आकांक्षा सम्वोधन गर्न सक्ने ठानी हामीलाई अमूल्य मत दिएर विजयी वनाउनु हुने तुलसीपुर उपमहानगरपालिकाका सम्पूर्ण जनसमुदायप्रति यस अवसरमा पुनः उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

संघीय शासन प्रणालीको अभ्यास हाम्रा लागि नौलो भएकाले सिक्दै, सिकेका कुरा प्रयोग गर्दै हामी अघि वढिरहेका छौ । यस विचमा नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेका अधिकारहरूको सूचिमा आधारित भई स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले कार्यकारिणी अधिकारका सम्वन्धमा गरेको व्यवस्थालाई पालना गर्दै तुलसीपुर उपमहानगरपालिकाले कार्यसम्पादन गरिरहेको छ । जनतालाई छिटो छरितो सेवा दिने, विकास प्रक्रियालाई तिव्र वनाउने र सुरक्षित जीवनको अनुभुति गराउने उद्देश्य हामीले राखेका छौं । यसका निमित्त तदनुरूप दैनिक प्रशासन सञ्चालन गर्नुका साथै आवश्यक नीति, कानुन र योजना तर्जुमा गर्ने कार्यलाई उच्च प्राथमिकतासाथ सम्पादन गरिरहेका छौ ।

जनताको विश्वास र आकांक्षालाई फलिभुत पार्न इमान्दारीपूर्वक जिम्मेवारीवोध गर्दै हामीले हाम्रो उपमहानगरपालिकालाई "हाम्रो तुलसीपुर - राम्रो तुलसीपुर, खुसी जनता - समृद्ध तुलसीपुर " को रूपमा चिनारी स्थापित गर्न मन, वचन र कर्मले लाग्ने संकल्प गरेका छौ । यसलाई पलपलमा अनुभुति गराउन हाँसेर सेवा गर्ने , सोधेर सहयोग गर्ने कार्यशैली वनाएका छौ ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरू,**

आगामी आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम तर्जुमाको आधारको रूपमा हामीले एक वर्षको अवधिमा गरेका कार्यहरूलाई लिएको छुँ । त्यसैले म अब विगततर्फ फर्केर सम्पादित कार्यहरूको छोटो समिक्षा यहाँ प्रस्तुत गर्न चाहन्छु ।

१. हामीले संकल्प गरेको आगामी पाँच वर्षभित्र तुलसीपुर उपमहानगरपालिकामा मातृ मृत्युदर र शिशु मृत्युदर न्युनीकरण गर्न यस आर्थिक वर्षदेखि नै सुत्केरी भत्तालाई संस्थागत गरिसकेका छौ । हामीले प्रारम्भ गरेको कार्यक्रमले मातृशिशु मृत्युदर ओरालो लागेको तथ्य प्रकाशमा आएको छ । यो १ वर्षमा १४ सय आमा र सन्तानहरूको अनुहारमा खुसीका रेखा कोरिएका छन् ।

२. हामीले अठोट गरेको जनताको सुरक्षित आवासको अधिकारलाई ग्यारेण्टी गर्न खरका छाना भएका घरहरूलाई टिनको छानायुक्त सुरक्षित घर बनाउन प्रोत्साहन तथा अनुदानको व्यवस्था मिलाउने प्रतिवद्धता अनुरूप अहिलेसम्म ५ सय घर धुरीलाई टिनको छाना वितरण गरि सुरक्षित घरको प्रत्याभुति दिलाएका छौ ।

३.'स्वस्थ नागरिक सम्पन्नताको आधार' भन्ने नीतिलाई सार्थक तुल्याउन र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको सर्वसुलभ पहुँचका लागि हामीले अञ्चल अस्पताल परिसरमा रहेको रक्त सञ्चार सेवा र मृगौला रोगको उपचारका लागि डायलासिस गर्ने सेवालाई सञ्चालनमा ल्याउन सहयोग गरेका छौ । स्वस्थ वडा अभियान अन्तर्गत एउटा स्वास्थ्य प्रवर्द्धन केन्द्र र आठ वटा नगर स्वास्थ्य केन्द्रको स्थापना भइसकेका छन् । हामीले प्रतिवद्धता गरेको १ स्वास्थ्य संस्था १ एम्बुलेन्सका लागि ८ वटा एम्बुलेन्स खरिद प्रक्रिया सम्पन्न भइ डेलिभरी हुने अवस्थामा रहेको छ ।

४.'सबैका लागि शिक्षा-तुलसीपुरको सदिक्षा' अभियान अन्तर्गत सार्वजनिक शिक्षाको सुधार तथा गुणस्तरीयता कायम गर्न तुलसीपुर क्षेत्रका सबै सामुदायिक विद्यालयहहरूमा अँग्रेजी माध्यमबाट पठनपाठनको सुरूवात भइसकेको छ साथै विषयगत शिक्षकहरूको अभाव रहेका विद्यालयहरूमा टिच फर नेपालको सहकार्यमा १९ जना विज्ञान, गणित र अँग्रेजीका शिक्षकहरूको व्यवस्था गरी विद्यालयमा भएको विषयगत शिक्षकको अभावलाई पूर्ति गरिएको छ । साथै गरिब, विपन्न,दलित तथा अल्पसंख्यक समुदायका र शारिरीक अपांगता, बहिरा र सुस्तमनस्थिति भएका बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको छ ।  विद्यालय व्यवस्थापन तथा गुणस्तरिय पठनपाठनलाई लक्ष्योन्मुख, मर्यादित र नतिजामुखी वनाउनका लागि उपमहानगरपालिका र सामुदायिक विद्यालयका प्रधानाध्यापक विचमा कार्यसम्पादन सम्झौता समेत गरेका छौ । यसले राम्रो प्रतिफल दिने लक्षण देखा परेको छ । सामुदायिक विद्यालयमा हामीले गरेको सुधारका कारण यो वर्ष सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको संख्या झण्डै २० प्रतिशतले वढेको छ ।

५. खेलकुदको विकासका लागि  राष्ट्रिय खेलकुद परिषदसंगको सहकार्यमा तुलसीपुरलाई स्पोर्ट सिटी  निर्माण तथा घोषणा गर्ने कार्य शुरूवात भैसकेको छ । साथै एक वडा एक खेल मैदानको अभियान अर्न्तगत सबै वडामा खेल मैदान निर्माण भइरहेका छन । खेलकुदका माध्यमबाट तुलसीपुरको चिनारी फैलाउन र खेलाडीहरूको विकास गर्न मेयर कप फुटबल तथा मेयर कप विच भलिवल सञ्चालन गरी सकेका छौं ।

७ तुलसीपुरको गौरवको योजनाका रूपमा आधुनिक बस टर्मिनल, अटो भिलेज, तुलसी ट्रेड टावर जस्ता आयोजनाहरूको कार्यान्वयनलाई प्राथमिकताका साथ अगाडी बढाएका छौं ।

८.  सञ्चार प्रविधिमैत्री सरकारको अवधारणा अनुरूप उपमहानगरपालिकालाई डिजिटल प्रविधिले सुसज्जित वनाउने काम प्रारम्भ भइसकेको छ । जस अनुसार उपमहानगरपालिकाको कार्यालय भित्र सिसीटिभी जडान, विद्युतिय हाजिरी, विद्युतिय पालो प्रणाली अनुसार सेवाग्राहीलाई सेवा प्रवाह, डिजिटल नागरिक वडा पत्र, गर्भवति तथा सुत्केरी आमाहरूको डिजिटल रेकर्ड, वडा कार्यालयबाट अनलाईन घटना दर्ता , हेल्लो मेयर टोल फ्रि नम्वर, हेल्लो मेयर इमेल, फेसवुक, ट्विटरको प्रयोग कार्यान्वयनमा आइसकेको छ । यसका साथै तुलसीपुरका सबै सामुदायिक रेडियोबाट साप्ताहिक रेडियो कार्यक्रम प्रशारण गरेर नागरिक सरोकारका विषयहरूलाई नागरिक समक्ष पुर्‍याउने सत्प्रयास भइरहेको छ । स्थानीय रेडियोमा काम गर्ने रेडियोकर्मीहरूका लागि कार्यक्रम उत्पादन सम्वन्धि विशिष्ट सीप हासिल गर्न विशेष तालिम प्रदान गरिएको छ । साथै अन्य सञ्चार माध्यमसँग सहकार्य गरेर पनि काम भइरहेको छ ।

९.तुलसीपुर उपमहानगरपालिका भित्र वृहत सडक पुर्वाधार निर्माण कार्यलाई उच्च प्राथमिकता दिदै यातायात सञ्जालले सबै गाउँवस्ति र टोललाई समेट्ने अभियान तिव्ररूपमा जारी रहेको छ ।

१०. हाम्रो तुलसीपुर राम्रो तुलसीपुरको नारा सहित विभिन्न संघसंस्था तथा समुदायको सहभागितामा सञ्चालन भइरहेको क्लिन तुलसीपुर ग्रिन तुलसीपुर अभियानलाई उपमहानगरपालिकाको समन्वय र सहयोगमा सञ्चालन भइरहेको छ । यो कार्यलाई हरेक वडाका टोल विकास संस्थाहरूले तत्परताका साथ अनुसरण गर्ने गरी परिचालन गरिएको छ ।

११ स्मार्ट सिटी अवधारणा बारे अन्तर्राष्ट्रिय अनुभव हासिल गर्न प्रमुखको नेतृत्वमा उद्योग वाणिज्य संघको प्रतिनिधि समेत रहेको हाम्रो प्रतिनिधि मन्डल ताइवानको स्मार्ट सिटी एक्स्पोमा सहभागी भएका थियौ । उक्त अध्ययन भ्रमणले स्मार्ट सिटीका वारेमा हाम्रो बुझाई फराकिलो भएको छ । साथै तुलसीपुरलाई स्मार्ट सिटी वनाउन विज्ञहरूको साथ र सहयोगमा योजना तर्जुमा भइहरेको छ ।

१४. मेयर विपद व्यवस्थापन कोष स्थापना गरेर विपद्का वखत तत्काल उद्दार र राहत पुर्‍याउन हामी सफल भएका छौ । दृष्टान्तको रूपमा गतवर्षको वर्षातमा वाढीको चपेटामा परेका जनतालाई हामीले तत्काल उद्दार गरेर धेरैको जीवन जोगाएका छौ ।

१५. तुलसीपुर उपमहानगरपालिकालाई कला, साहित्य र सँस्कृतिको माध्यमबाट चिनाउन र पर्यटन प्रर्वद्धन गर्नका लागि तुलसीपुर वृहत साहित्य उत्सव सम्पन्न गर्न सक्षम भएका छौ । यसका साथै थारू सँस्कृतिको संरक्षणका लागि नगर स्तरिय थारू नृत्य महोत्सव सञ्चालन गरेर थारू संस्कृतिको प्रवर्द्धन हुने खालका कार्यक्रम पनि गरेका छौ । छिल्लीकोट महोत्सव, चमेरे गुफा महोत्सव आयोजना गर्न सहयोग गरेर पर्यटन प्रवर्द्धन गर्ने कार्य गरिएको छ

१६. विकास निर्माणको कार्यलाई तिव्रता दिनका निम्ति उपमहानगरपालिकाले आफ्नै विकास निर्माणका उपकरणको खरिदका साथै फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी वनाउनका लागि फोहोर उठाउने मेसिन समेत खरिद गरेका छौ ।

१७. कर्मचारी र जनप्रतिनिधिहरूलाई हाँसेर काम गरौ, सोधेर सेवा गरौ भन्ने नीति अनुरूप मुस्कान सहितको सेवा दिनका लागि अभिमुखिकरण कार्यक्रमको आयोजना गरेर जनताको सेवालाई प्रभावकारी वनाउन सफल भएका छौ

१८. लामो समयदेखि वन्द रहेको तुलसीपुर उपमहानगरपालिका १२ टरिगाउँमा रहेको विमानस्थल हाम्रै पहलमा सुचारू भएको छ । केही समय विमान कम्पनीले भाडा वृद्धि गरेका कारणले विमान सेवा सञ्चालन नभएपनि तत्काल विमान सेवा नियमित सुचारू वनाउने कुरामा हाम्रो प्रयास निरन्तर जारी रहेको छ ।

१९.कृषि तथा पशु विकास कार्यक्रमका माध्यमबाट किसानहरूलाई व्यावसायिक वनाउनका लागि प्राविधिक , विउँविजन, अनुदान र यन्त्रको प्रयोगलाई जोड दिने सफल भएका छौ ।

२०.तुलसीपुर उपमहानगरपालिकालाई प्राविधिक शिक्षाको केन्द्र वनाउनका लागि मेट्रो कलेज सञ्चालनको अन्तिम प्रक्रियामा रहेका छौ । यसका साथै शिक्षाको गुणात्मक विकासका लागि तुलसीपुरमा रहेको राप्ती ववई वहुमुखि क्याम्पसलाई २० लाख र विजौरीको जनता विद्यापीठलाई १० लाख अनुदान दिएका छौ । योसँगै सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गर्ने विद्यालयलाई रू १० लाख अनुदान दिने कार्यक्रमलाई पनि निरन्तरता दिइरहेका छौ ।

**आदरणीय सभासदज्यूहरू,**

अब म आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रमलाई प्रस्तुत गर्न लागिरहेको छुँ ।

**आर्थिक विकास : कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी र वित्तिय**

२१. "प्रांगारिक कृषि उत्पादनमा वृद्धि , नागरिकको स्वास्थ्य र नगरको समृद्धि" तुलसीपुर उपमहानगरपालिका क्षेत्रमा प्रांगारिक कृषि उत्पादनलाई विस्तार गर्दै लगिनेछ । वजार क्षेत्रमा प्रांगारिक उत्पादनहरू पाइने पसलहरू सञ्चालन गर्न स्थानीय समुदाय वा सहकारीलाई सहयोग प्रदान गरिनेछ ।

२२. आगामी आर्थिक वर्षलाई व्यावसायिक कृषि तथा पशुपालन वर्षको रूपमा मनाइने छ । उक्त विविध कार्यक्रम अन्तर्गत ६ सय विगाहा जग्गामा व्यावसायिक फलफुल बगैचा निर्माण गर्न,थप ५ सय विगाहामा व्यावसायिक तथा बेमौसमी तरकारी खेति उत्पादन गर्न,व्यावसायिक मह उत्पादन तथा प्रशोधन गर्न , दुध,मासु र अण्डाको उत्पादनलाई वृद्धि गर्न र उत्पादित वस्तुहरूसँग सम्वन्धित उद्योग स्थापना गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । कृषि पकेट क्षेत्र निर्धारण गरी उत्पादन तथा उत्पादकत्व वढाउन कृषि सामग्री, सीप, पूँजि र प्रविधिको प्रयोगलाई व्यापक वनाइने छ ।

२३. व्यावसायिक पशुपंक्षी तथा माछापालनमा जोड दिइनेछ । आगामी आर्थिक वर्षमा निजि वा सहकारी क्षेत्रवाट कम्तीमा २५ हजार लिटर दैनिक दुध संकलन गरी दुधजन्यपदार्थ उत्पादन गर्ने डेरी उद्योग सञ्चालन गर्न सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गरि सहयोग प्रदान गरिनेछ ।

२४. सामुहिक कृषि तथा पशुपालनमा जोड दिइनेछ । कृषि योग्य जमीनको खण्डीकरण लाई रोकिनेछ । साना सिंचाई,स्यालो ट्युववेल ,डिप बोरिंग र वर्षातको पानी जम्मा गरी पोखरी बनाई कम्तीमा यस आर्थिक वर्षमा थप १५ सय हेक्टर जमीनलाई पुर्ण सिंचाईयुक्त बनाइनेछ ।

२५. तुलसीपुर उपमहानगरपालिकाभित्र कुनैपनि जमीनलाई बाँझो राख्न नपाईने नीति लिइनेछ । वर्षमा एक वाली पनि खेती नगर्ने वा फलफुल नरोप्ने वा जमीनमा कुनै संरचना नबनाइ बाँझो छोड्ने कार्यलाई निरूत्साहित गराउन बाँझो जमीनमा अतिरिक्त मालपोत शुल्क लगाइनेछ भने वर्षमा तीन वाली उत्पादन गर्ने कृषकलाई करमा छुट दिइनेछ ।

२६. कृषि व्यवसाय तथा कृषिसंग सम्बन्धीत कार्य गर्ने व्यक्ति, समुह तथा सहकारी संस्थाहरूको सिफारिश शुल्क, दर्ता शुल्क तथा नविकरण शुल्कमा केहि छुट गर्ने व्यवस्था मिलाईनेछ ।

२७. निर्माणको क्रममा रहेको फलफुल तथा कृषि उपज वजारलाई आगामी आर्थिक वर्षबाट सञ्चालन गर्नुका साथै संघीय तथा प्रदेश सरकारको समन्वयमा व्यवस्थित मिट मार्ट, तरकारी तथा फलफुल वजार र कृषि उपज संकलन केन्द्र सञ्चालनमा ल्याइनेछ ।

२८. माछा, मासु, अण्डा, तरकारी, फलफुल तथा खाद्यान्नको प्रचलित कानुन वमोजिम जाँच गरेर गुणस्तर कायम गरिनेछ ।

२९. व्यावसायिक किसानका लागि विशेष परिचय पत्र प्रदान गरिनेछ र व्यावसायिक कृषकको पहिचान र सम्मानलाई वढावा दिनका लागि कृषक पोशाक कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. कृषि, उद्योग, व्यापार र अन्य क्षेत्रमा असंगठित रूपमा कार्य गरिरहेका मजदुरहरूलाई श्रमिक परिचय पत्र प्रदान गरिनेछ । श्रमिकहरूको नियमित स्वास्थ्य जाँचको व्यवस्था मिलाइनुका साथै सुरक्षा र क्षमता विकासका जोड दिइनेछ ।

३१. 'किसानसँग कृषि वैज्ञानिक' भेट कार्यक्रम आयोजना गरेर कृषकहरूको समस्यालाई कृषककै खेतवारी र गोठमा समाधान गर्ने र थप ज्ञान हासिल गर्ने अवसर प्रदान गरिनेछ ।

३२. कृषि तथा पशुपालन क्षेत्रमा विमा गर्ने कार्यलाई प्रोत्साहित र अनुदान प्रदान गरिनेछ ।

३३. आवश्यकता अनुसार एक वडा एक कृषि तथा पशुसेवा प्राविधिक रहने व्यवस्था गरिनेछ ।

३४. तुलसीपुर उपमहानगरपालिका क्षेत्रमा रहेका नदी र खोलाको आसपासमा सामुहिक रूपमा वगर कृषि उत्पादन तथा फलफुल खेतिका लागि प्रोत्साहित गर्ने कार्यक्रम ल्याइनेछ ।

३५. 'कृषिमा आधुनिकीकरण,व्यवसायिकरण, यान्त्रिकरण र वजारीकरणलाई ' सँगसँगै अघि वढाउँदै तुलसीपुर उपमहानगरपालिका क्षेत्रमा सिँचाई प्रणालीलाई विस्तार, कृषिको विशेष पकेट क्षेत्र निर्धारण, उन्नत कृषि प्रणालीको अवलम्बन गर्न किसानहरूलाई प्रोत्साहित गरिने छ । प्राङ्गारिक खेति प्रणाली अबलम्वन गर्ने किसानलाई विशेष अनुदानको व्यवस्था गरिनेछ ।

३६. पशुपालन,कुखुरापालन,माहुरीपालन र माछापालन लगायतका व्यवसायलाई गरिने प्रोत्साहनलाई निरन्तरता दिइनेछ ।

३७. सार्वजनिक तथा निजी साँझेदारीमा लिफ्ट पद्धतिबाट सिचाँई सुविधा पुर्याएर किसानहरूलाई व्यावसायिक वनाउँदै लगिनेछ ।

३८. पशुपंक्षिपालन व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक पर्ने सेवाहरू जस्तै निशुल्क खोप, कृत्रिम गर्भाधान केन्द्र, रोग अन्वेषण तथा उपचारका निम्ति विशेष व्यवस्था तथा वजारीकरणको व्यवस्था मिलाइनेछ ।

३९. जग्गा चक्लावन्दी तथा गह्रा सुधार गरी सामुहिक खेति प्रणालीको विकास गरिनेछ । यसका लागि आवश्यक यन्त्र खरिदमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

४०. कृषि उत्पादनलाई भण्डारण गर्नका लागि आधुनिक शित भण्डारको स्थापना गरिनेछ ।

४१ कृषि तथा पशु रोगको उपचारका लागि आधुनिक ल्याव निर्माण गरिनेछ । यसका साथै पशु उपचारलाई प्रभावकारी वनाउनका लागि एनिमल एम्वुलेन्स पनि सञ्चालनमा ल्याइनेछ ।

४२. तुलसीपुरलाई फलफुलमा आत्मनिर्भर वनाउनका लागि निःशुल्क विरूवा वितरण लगायतका प्रवर्द्धनात्मक कार्यहरूलाई अगाडि वढाइनेछ ।

४३. सहकारीको माध्यमबाट आर्थिक विकासमा विशेष जोड दिइनेछ । एक व्यक्ति एक उद्देश्यको सदस्यता प्रावधान लागु गरी हरेक व्यक्तिलाई, उत्पादन, सेवा र व्यापारको क्षेत्र पहिचान गरी सहकारी व्यवसायको प्रतिफल सहकारी सदस्यले प्राप्त गर्ने व्यवस्था मिलाइनेछ । सबै टोल, वस्तिमा सहकारीको पहुँच विस्तार गरिनेछ । सहकारी संस्थाको संस्थागत क्षमता, व्यवस्थापन र नेतृत्व विकासमा जोड दिइनेछ । समान उद्देश्य भएका सहकारी संस्थाहरू

एक आपसमा गाँभिन चाहेमा मर्जर गरिने व्यवस्था मिलाइनेछ । मर्जरमा जाने यस्ता सहकारी संस्थाहरूलाई विशेष सुविधाहरू प्रदान गरिनेछ ।

४४. उद्यमशिलता विकास गर्नका लागि उद्यमशालाको आयोजना गर्ने र उद्यमशालामा सहभागिले उद्योग व्यवसाय सञ्चालन गर्न चाहेमा आवश्यक सहयोग गर्नका निम्ति मेयर उद्यमशिलता कार्यक्रम सञ्चालनमा ल्याइनेछ । यस कार्यक्रमबाट स्थानीय साधन स्रोतमा आधारित उद्योग, व्यवसाय र पर्यटन प्रवर्द्धन गर्नका लागि होटल, भोजनालय जस्ता व्यवसाय सञ्चालन गर्न विशेष सहुलियत प्रदान गरिनेछ ।

४५. तुलसीपुर उपमहानगरपालिका वन्नु भन्दा पहिला तत्कालिन तुलसीपुर नगरपालिका र यसमा समायोजन भएका साविक गाविसहरूमा तत्कालिक रूपमा सञ्चालित भएका नगरपालिका साँझेदारी विकास कोष र गाउँ विकास कोषलाई एकीकृत रूपमा कोष स्थापना गरिने र उक्त कोषहरू मार्फत ऋण लगानीमा रहेका विभिन्न समुह/ संस्थाहरूलाई ब्याज रकममा सहुलियत प्रदान गरी असुल गर्ने तथा एकीकृत कोषलाई समायानुकुल परिमार्जन गरी गरिबी न्युनीकरणका लागि प्रयोग गर्ने नीति लिइनेछ ।

४६. सार्वजनीक दायित्वका क्षेत्रमा व्यवसायिक कार्य गर्ने निजी समुदाय र समुदायमा आधारित क्षेत्रबाट सञ्चालित व्यवसायमा उपमहानगरपालिकाले शेयर साझेदारी गर्ने र सो कार्यका लागि मापदण्ड तोकिने छ । सार्वजनिक सेवालाई प्रभावकारी वनाउनका लागि यस उपमहानगरपालिकाबाट व्यवसायिक साझेदारीको अभियान अगाडि वढाइनेछ ।

४७. तुलसीपुर उपमहानगरपालिका भित्र रहेका वेरोजगार युवाको तथ्यांक संकलन गरेर स्वरोजगारमुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४८. राम्रो काम गर्नेलाई प्रोत्साहित गर्नका लागि यसै वर्षदेखि उत्कृष्ट किसान, लगानीकर्ता, शिक्षक, कर्मचारीलाई पुरस्कृत गर्ने कार्यक्रमको थालनी गरिनेछ ।

४९. विपन्न तथा सुकुम्बासीले जग्गा भाडामा लिइ प्राङ्गारिक खेति गर्न चाहेमा तोकिएको भाडाको ५० प्रतिशत रकम अनुदान दिने व्यवस्था मिलाइनेछ ।

५०. सडक वत्ति , फोहोर व्यवस्थापन जस्ता शहरी सेवा सुविधासँग सम्वन्धित विषयमा सहरी साझेदारी या निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

५१. प्रत्येक बर्ष 'घुम्न जाऔं तुलसीपुर' अभियानलाई सफल पार्न तुलसीपुरमा पर्यटकीय रोजाईका आवास,परिकार, मनोरञ्जन, खेलकुद,महोत्सव आदिको गुणस्तरिय सेवा उपलब्ध गराउन निजी तथा सहकारी क्षेत्रलाई प्रेरित गरिनेछ

५२. आवश्यकता अनुसार होम स्टे सञ्चालन गर्ने योजना अनुरूप आगामी आर्थिक वर्षमा स्थानीय समुदायको सहयोगमा होमस्टे सञ्चालनमा ल्याइनेछ ।

५३. पर्यटकलाई आकर्षित गर्ने मेला,महोत्सव वा खेलकुद आयोजना गरी तुलसीपुरलाई पाहुनामैत्री शहरको रूपमा चिनाउँदै लगिनेछ ।

५४. पर्यटकीय सम्भावना वोकेका चमेर गुफा, छिल्लीकोट, थर्कोट, राप्ती शान्ती उद्यान, दंगिशरण दरवार, गौरीगाउँ ताल, बबई नदी लगायतका प्राकृतिक, ऐतिहासिक, पुरातात्विक स्थलहरूलाई थप सौन्दर्यकरण र सुविधाजनक वनाइनेछ ।

५५. कम्तिमा एक वडा एक उद्यान निर्माण गरिनेछ भने त्यसको व्यवस्थापन र सञ्चालन सार्वजनिक , निजी र सामुदायिक तहबाट गरिनेछ ।

५६. पर्यटन प्रवर्द्धन र वन्यजन्तु संरक्षणका लागि निजी , सहरकारी तथा सामुदायिकस्तरबाट मिनि चिडियाखानाको व्यवस्था गरिनेछ ।

५७. तुलसीपुर प्रवेशको मुख्यद्धारहरूमा यहाँको पहिचान झल्कने गरि स्वागतद्धार निर्माण गरिनेछ ।

५८. "भाषा र संस्कृतिको सम्मान : लुकेका प्रतिभाको पहिचान" भन्ने नीति लिई दाङको मौलिक पहिचान वोकेका र विविधतामा समेटिएका सबै जातजातिहरूको भाषा, संस्कृति, लोकसाहित्य, नृत्य, गीत संगित, मेला, पर्व, जात्रा, भाकाको संरक्षण र संवर्द्धन गर्न " बहुसाँस्कृतिक कला संग्रहालय" निर्माणको प्रक्रिया अगाडी वढाइनेछ । यो वर्ष आयोजना गरिएको साहित्य महोत्सवलाई निरन्तरता दिइनेछ । यसका साथै तुलसीपुर उपमहानगरपालिका भित्रका साहित्यकार तथा कलाकारलाई प्रोत्साहित गर्नका लागि हरेक वर्ष कम्तीमा एक जनाको कृति प्रकाशन र सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५९. नगर क्षेत्रभित्रका धार्मिक स्थल, धर्मशाला, चौतारी, बरपीपल, खेलमैदान, आदिको संरक्षण गरिने छ र यस्ता ऐतिहासिक सांस्कृतिक महत्वका स्थानहरूलाई नगर सम्पदाको रूपमा विकास गरिने छ । नदी, खोला सिचाईकुलो एवम् पोखरीको संरक्षणका लागि आवश्यकता अनुसार मापदण्ड तोकी त्यस्ता सार्वजनिक जग्गामा निजी संरचना निर्माण गर्न रोक लगाइने छ ।

६०. दाङ्ग उपत्यकामा धार्मिक र आध्यात्मिक आस्था, पवित्रता र विश्वास वोकेको बबई नदीलाई निर्मल, पवित्र र वाह्रै महिना भरपुर जलप्रवाह भइरहने अवस्थामा विकास गर्न बबई करिडोर (दायाँबायाँ) संरचना निर्माण तथा सौन्दर्यीकरण गर्न तुलसीपुर, घोराही उपमहानगरपालिका, दँगिशरण, बबई र शान्तिनगर गाउँपालिका मिलेर आगामी आर्थिक वर्षमा विस्तृत आयोजना प्रतिवेदन तयार पारिनेछ । बबई सभ्यता विकासमा यसले कोशेढुँगाको काम गर्नेछ

६१. यस क्षेत्रलाई उद्योग, वाणिज्य र व्यापारको हबका रूपमा विकास गरिनेछ । लगानी भित्र्याउनका लागि विविध कार्यक्रम गर्नुका साथै लगानी सुरक्षाको ग्यारेन्टी गरिनेछ ।

६२. उद्योग, वाणिज्य तथा व्यापारमैत्री नीति अनुसार कार्य गरिनेछ । आगामी आर्थिक वर्षभत्रि यस उपमहानगरपालिका भित्र सञ्चालनमा रहेका सबै उद्योग तथा व्यवसायलाई अनिवार्य रूपमा दर्ता गर्नुपर्ने, दर्ता प्रक्रियामा नआउनेलाई कानुन वमोजिम कारबाही गरिनेछ ।

**सामाजिक विकास :** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला,बालबालिका,ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी, जनजाति, मधेसी,मुश्लिम,थारू, अल्पसंख्यक)

**स्वास्थ्य "स्वस्थ नागरिक सम्पन्न नगर "**

६३. पोषिलो खानपानमा अभ्यस्त वनाउँन र सरसफाई र स्वच्छतालाई दैनिक जीवनको पद्धति वनाउन स्वास्थ्यका चेतनामुलक कार्यक्रमहरू महिला स्वास्थ्य स्वयम्सेविका, जनप्रतिनिधि र कर्मचारीको माध्यमबाट घर परिवार तहमा पुर्‍याउने व्यवस्था गरिनेछ । टोल विकास संस्थाहरूको सक्रियतामा उपमहानगरपालिका भित्रका सबै टोल वस्तिमा दैनिक सरसफाई गर्ने, योग तथा ध्यान कक्षा सञ्चालन गर्ने कार्यलाई जोड दिइनेछ ।

६४. तुलसीपुर उपमहानगरपालिकाका हरेक नागरिकको वर्षमा दुइपटकसम्म स्वास्थ्य जाँच गर्ने बानी पार्न विशेष अभियान सञ्चालन गरिनेछ ।

६५. यस उपमहानगरपालिका भित्र रहेका हस्पिटल, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, शहरी स्वास्थ्य क्लिनिक र स्वास्थ्य चौकीबाट स्थानीय जनतालाई आधारभुत स्वास्थ्य सुविधा उपलब्ध गराइनेछ ।

६६. प्रदेश सरकारको समन्वयमा राप्ती अञ्चल अस्पताललाई स्तरिय चिकित्सा सेवा दिन सक्ने गरी स्तरोन्नति गरिनेछ । कुनै एउटा दीर्घ रोगको विशेष उपचार केन्द्रका रूपमा विकास गरिनेछ ।

६७. तुलसीपुरभित्र रहेका निजी अस्पताल वा क्लिीनिकहरूलाई गुणस्तरिय सेवा प्रदान गर्न प्रभावकारी नियमन गरिनेछ ।

६८. सार्वजनिक, निजी , सहकारी र सामुदायिक लगानीमा तुलसीपुर क्षेत्रमा मेडिकल कलेज स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

६९. सुत्केरी आमा र नवजात शिशुको स्वास्थ्यप्रति सजग रहदै हरेक सन्ततीलाई अब्बल नागरिकको रूपमा विकास गर्न गर्भावस्थादेखि २ वर्षसम्म ( सुनौला हजार दिन) सरसफाई, पोषिलो खानपान र उचित माया तथा स्याहारले वच्चाहरूलाई हुर्काउन आवश्यक प्रोत्साहन गरिनेछ । यस सन्दर्भमा तुलसीपुर उपमहानगरपालिकाले प्रदान गर्दै आएको सुत्केरी पोषण सहयोगलाई निरन्तरता दिइनेछ ।

७०. गुणस्तरीय स्वास्थ्य सेवामा सवैको पहुँच हुनेगरी स्वास्थ्य सेवा उपलव्ध गराउन राष्ट्रिय स्वास्थ्य विमा कार्यक्रमलाई यसै वर्ष देखि तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र लागु हुनेगरि संघीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

७१. यस क्षेत्रकै गौरबका रूपमा रहेका राप्ती आँखा अस्पताल, अञ्चल अस्पताल र क्षेत्रीय आयूर्वेद अस्पताललाई स्तरोन्नतीमा सहयोग गर्दै नागरिकहरूले आवश्यक स्वास्थ्य सेवा सहज, सुलभ र विश्वसनीय रूपमा उपभोग गर्न पाउने व्यवस्था मिलाईने छ ।

७२. विपन्न जेष्ठ नागरीक तथा फरक क्षमता भएका नागरिकहरूलाई उपमहानगरपालिकाले विमा रकम ब्यहोरी विमा कार्यक्रममा आवद्ध गरिनेछ । र उपचारको सुनिश्चितता प्रदान गरिनेछ ।

७३.  नसर्ने रोगको प्रकोप न्यूनीकरण तथा एकिकृत रूपमा व्यवस्थापन गर्न पेन प्याकेज कार्यहरू लागु गर्नुका साथै प्रवर्धनात्मक एवम् सरल मानविय जीवन शैली व्यवस्थापनमा विशेष जोड दिइने छ ।

७४. अबुर्द रोग (क्यान्सर) रोगको मुख्य कारणको रूपमा रहेको सुर्ति र सुर्तिजन्य उत्पादनको उपभोगलाई निरूत्साहित गर्न टोल विकास संस्था मार्फत प्रत्येक टोल वस्तिलाई सुर्ती तथा सुर्तीजन्य पदार्थको शुन्य उपभोग गर्न प्रोत्साहन गरिनेछ । यसैगरी टोबाको फ्रि वनाउने टोललाई विशेष सहयोग गरिनेछ ।

७५. नागरिक सुरक्षाको चुनौतिको रूपमा वढ्दै गएको मदिरा सेवन कार्यलाई निश्चित स्थान र समयमा मात्र विक्री वितरण तथा उपभोग गर्न पाउने गरी मापदण्ड वनाइ लागु गरिनेछ । प्लाष्टिकका २० माइक्रोन भन्दा तलका प्लाष्टिकमा रोग लगाउने , प्लाष्टिकका कप, गिलास र प्लेटमा रोक लगाएर स्थानीय उत्पादनबाट निर्माण भएका सामानहरू प्रयोगमा प्रोत्साहित गर्ने ।

७६.किशोर किशोरीहरूको स्वास्थ्य सबल वनाउन प्रत्येक स्कुलमा हेल्थ क्लव गठन गरिने छ, जसमा मुख स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य एवमं मानसिक स्वास्थ्य, वालविवाह जस्ता पक्षलाई सम्वोधन गर्न स्वास्थ्य जनशक्ति मार्फत अभिमुखिकरण गरिनेछ । प्रत्येक स्वास्थ्य संस्थाहरूमा मनोविमर्श तथा परार्मश सेवा स्थापना गरिने छ ।

७७. स्वस्थ घर, स्वस्थ गाउँ र स्वस्थ शहरको अवधारणाबाट तुलसीपुर उपमहानगरपालिकालाई स्वस्थ उपमहानगरको रूपमा रूपान्तरण गर्न योग, ध्यान तथा सत्संग एवम् आयुर्वेद, होमियो लगायतका वैकल्पिक चिकित्साहरूलाई पनि प्रयोग गर्न प्रोत्साहन गरिनेछ  यसका लागि हरेक वडाहरूमा योगकेन्द्र संचालनमा ल्याईने छ ।

७८. महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई समुदाय स्तरमा स्वास्थ्य सम्वन्धी जनचेतना फैलाउने कार्यमा संलग्न भइरहन थप प्रोत्साहित गरिने छ ।

७९.  स्वास्थ्यजन्य महामारी वा विपद् व्यवस्थापनका लागि पूर्व तयारी तथा प्रतिकार्य योजना वनाईने छ । यसका लागि र्‍यापिड रेस्पोन्स टिम (आरआरटि) लाई आवश्यक औषधी, खोप, उपकरण र परिवहनको वन्दोवस्त मिलाईनेछ ।

८०. थारू जातिहरूमा रहेको सिकलसेल, वर्थडिफेक्ट जस्ता स्वास्थ्य समस्या समाधानका लागि विशेष कार्यक्रमहरू सुरूवात गरिने छ ।

८१. सरकारले निःशुल्क रूपमा प्रदान गर्ने औषधिहरूको जगेडामा विशेष ध्यान दिई सबै स्वास्थ्य केन्द्रबाट सधैभरि उपलब्ध हुने व्यवस्था सुनिश्चित गरिनेछ ।

८२. स्वास्थ्य जनशक्तिलाई दक्ष वनाउँदै जनताको सेवामा स्वयम् तत्पर भइ जुट्न, सहयोग गर्न र खोजेको वेला भेटिने गरि तयारी अवस्थामा रहि रहन आवश्यक प्रशासकीय प्रबन्ध मिलाइनेछ ।

**शैक्षिक नीति तथा कार्यकमहरू**

**<u>८३. प्रारम्भिक बाल शिक्षा</u>**

८३.१ चारवर्ष उमेर समूहका सवै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अवसर प्रदान गर्न विद्यालय संरचना भित्र प्रारम्भिक बालशिक्षा संचालन गरिने छ ।

८३.२ प्रारम्भिक बाल शिक्षालाई व्यवस्थित रूपमा संचालनका लागि आवश्यक पर्ने शैक्षिक सामाग्री तथा कक्षाकोठा स्तरीकरण कार्यक्रम संचालन गरिनेछ ।

८३.३ पूर्व प्राथमिक शिक्षक (स.का.)को क्षमता विकास का लागि तालिम तथा तलवमा थप अनदानको व्यवस्था मिलाइने छ ।

## ८४. आधारभूत शिक्षा

८४. १ आधारभूत शिक्षालाई समूदायिक विद्यालय मार्फत  अनिवार्य गरिने छ ।

८४.२ विद्यालय उमेर समूहका सवै बालबालिकाको पहूच सूनिश्चित गर्न विभिन्न प्रोत्साहन मूलक कार्यक्रमहरू संचालन गरिने छ ।

८४.३ समयमै निशूल्क पाठ्यपूस्तक वितरणको व्यवस्था मिलाईने छ ।

८४.४ प्रारम्भिक कक्षामा पढाई सीप विकास कार्यक्रम ,वहूवर्ग शिक्षण (MGML ) , मातृभाषामा शिक्षा,अंग्रेजी माध्यम बाट सिकाईगर्ने  कार्यक्रमहरू संचालन गरिने छ ।

## ८५. माध्यमिक शिक्षा

८५.१ पहँच तथा टिकाउ दर बढाउन कार्यक्रमहरू ल्याइने छन् ।

८५.२ खुल्ला तथा वैकल्पिक शैक्षिक कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, विभिन्न छात्रवृति वितरण, १० कक्षासम्म निःशुल्क पाठ्यपस्तक वितरण कार्यक्रमहरू संचालन गरिने छ । गृहिणी विद्यालय,एस.ओ.पि.,एफ.एस.पि.कार्यक्रमहरू संचालन गरिने छ ।

८५.३  आवासिय विद्यालयसंचालन,नमूना विद्यालयको विकास तथा संचालन गरिने छ ।

८५.४ विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना ,घुम्ति पुस्तकालयको स्थापना गरिने छ ।

८५.५ कक्षा ११ र १२ मा विज्ञान विषयको पहुँच विस्तार तथा छिमेकि जिल्लाहरूबाट विद्यार्थी गन्तव्य बनाउने कार्यक्रमको शुरूवात गरिने छ ।

८५.६ विद्यालय व्यवस्थापन समितिको क्षमता विस्तार गरिने छ ।

## ८६. अनौपचारिक शिक्षा

८६.१ सामूदायिक अध्ययन केन्द्र र वडा कार्यालयहरू मार्फत सिपकूलक कार्यक्रम, तालिमहरू,आय आर्जनका कार्यक्रमहरू संचालन गरिने छ ।

८६.२ साक्षरताको अवस्था अध्ययनगर्न कक्षा ११ र १२ का विद्यार्थी मार्फत सर्वेक्षण गराइने छ ।

८६.३  ६० वर्ष उमेर नपगेका निरक्षरलाई साक्षर वनाउन कक्षा ११ र १२ का विद्यार्थीलाई स्वयं सेवकको रूपमा परिचालन गरिने छ ।

८६.४ सामदायिक अध्ययन केन्द्रको संख्या थपगरि प्रत्येक वडामा विस्तार गरिने छ ।

८६.५ सामूदायिक अध्ययन केन्द्रको क्षमता विस्तार गरि निरन्तर शिक्षा कार्यक्रम संचालन गरिने छ ।

८६.६ यस तुलसीपर उपमहानगरपालिका भित्र संचालित तालिम केन्द्रहरू तथा कोचिङ सेन्टरहरूलाई कानुनी दायरामा ल्याइने छ ।

८६.७ विदेशी भाषा (चाइनिज र जापनिज) प्रशिक्षण केन्द्रहरू विद्यालय भित्र संचालनगर्न प्रोत्साहन गरिने छ ।

**<u>८७ प्राविधिक तथा व्यवसायिक तालिम</u>**

८७.१ कक्षा ९ देखि नै व्यवसायिक तथा प्राविधिक शिक्षा संचालनमा जोड दिइने छ । प्रत्येक माध्यामिक विद्यालयमा यसको स्थापना गरिने छ ।

८७.२ प्राविधिक तथा व्यावसायिक तालिम प्रदायक नाफामुलक र सामूदायिक संस्थाहरूको विचमा समन्वय, सहकार्य एवमं गुणस्तरका लागि अनुगमन कार्यलाई विशेष जोड दिइने छ ।

५.३ परम्परागत ज्ञान सीपको प्रर्वधन गदै रोजगारीमूलक र उद्यमशीलता विकास हुने शैक्षिक प्रणालीको विकास गरिने छ ।

८७.४ तुलसीपर उपमहानगरपालिका ले आफ्नो लगानीमा सिटिइभिटिसंग संवन्धन लिइ यसै शैक्षिक सत्र बाट व्यवसायिक शिक्षाको सरूवात गर्ने छ ।

**<u>उच्च शिक्षा</u>**

८७.१ तुलसीपर उपमहानगरपालिका मा अवस्थीत नेपाल संस्कृत विश्वविद्यालय लाई संस्कृत वाङ्मय,पूर्वीय दर्शन,आध्यात्मिक आयूर्वेदिक, योग र पौराणिक शास्त्रहरूको अध्ययन र अनुसन्धान केन्द्रका रूपमा विकास गदै यसको समयानुकुल  आधुनिकीकरण र व्यवसायी वनाउन विश्वविद्यालय संग साझेदारीमा कार्यक्रमहरू संचालन गरिने छ ।

८७.२ मूलुकको आर्थिक संवृद्धिहुनेगरी ज्ञानमा आधारित अनुसन्धानमा संलग्न नगरभित्रका प्राज्ञहरूलाई सहयोग गरिने छ ।

८७.३ उपमहानगरपालिका ले आफ्नो लगानी र व्यवस्थापनमा स्नातक,स्नातकोत्तर तथा अनुसन्धान सम्मका प्राविधिक विषयहरूमा पठनपाठन गर्न एक मेट्रो कलेज स्थापना गरिने छ ।

८७.४ खुल्ला विश्वविद्यालय एवं,दूर शिक्षा प्रणालीको विकासमा अन्य संघ संस्थासंग साझेदारी गरिने छ ।

**<u>८८. शैक्षिक व्यवस्थापन</u>**

८८.१ शैक्षिक सेवा प्रवाहलाई सूचना तथा संचार प्रविधि को उपयोग गरी छिटो छरितो एवंम प्रभावकारी बनाइने छ ।

८८.२ तूलसीपर उपमहानगरपालिका भित्र रहेको शिक्षा महाशाखा को क्षमता विकास, दरवन्दी आदिको समूचित व्यवस्थापन गरिने छ ।

८८.३ शिक्षक तथा विद्यार्थीको हाजीरी लाई प्रविधिमार्फत तत्काल शिक्षा महाशाखाबाट निरीक्षण गर्न मिल्ने प्रविधिको विकास गरिने छ ।

८८.४ विद्यालय सुपरिवेक्षणलाई प्रभावकारी तुल्याउन शिक्षा महाशाखाका लागि यातायातको व्यवस्था मिलाईने छ ।

८८.५ विद्यालय,वडास्तर तथा उपमहानगरपालिकाको शैक्षिक प्रशासनिक संरचनालाई थप सदृढ तुल्याइ तथ्यमा आधारित योजना निर्माण, कार्यान्वयन र नतिजामूलक अनुगमन तथा कार्य सम्पादनमा आधारित मूल्याकन प्रणालिको विकास गरिने छ ।

८८.६ शिक्षक दरवन्दी मिलान,विद्यालय गाभ्ने,भौतिक अवस्थाको स्तरोन्नति,छात्रामैत्री शौचालय,विद्यालय घेरावार ,गुणस्तरीय रंग रोगन,बालमैत्री फर्निचर आदिलाई प्राथमिकता दिइने छ ।

८८.७ शहीदस्मृती विद्यालयमा विद्यार्थी भर्नादर बढाउन यसको प्रचार प्रसारका साथै विद्यालयसंग सहकार्यलाई प्राथमिकता दिइने छ ।

८८.८ शैक्षिक सूचना प्रणालि , परीक्षा प्रणाली ,शैक्षिक तंथ्याक तथा शिक्षा महाशाखा लाई आवश्यकपर्ने विभिन्न सफ्टवेयरको निर्माण गरि विद्यालयलाई हस्तान्तरण गरिने छ ।

८८.९ सवै विद्यालयमा अफिस प्रयोजनको लागि कम्प्यूटर ,प्रिन्टर को व्यवस्था मिलाइने छ । इमेल मार्फत उपमहानगरपालिकामा पत्राचार गर्ने व्यवस्थाको सुरूवात यसै आ.व. बाट गरिने छ ।

८८.१० सार्वजनिक तथा निजी क्षेत्रमा रहेका शैक्षिक संस्थालाई व्यवस्थित तथा मर्यादित रूपमा संचालन, संर्वधन, विकास, विस्तार,व्यवस्थितगर्न यस उपमहानगरपालिकाले तीन महिना भित्र शिक्षा ऐन जारीगरिने छ ।

८८.११ विभिन्न किसिमका अपाङ्ग भएका बालबालिकाहरूका लागि निश्चित स्थानमा आवाशिय पठन पाठनको व्यवस्था मिलाइने छ । उक्त स्थानमा साधारण विद्यालयमा पठन पाठन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिका लाई मात्र राखिने छ । यस्तो विद्यालयको क्षमता विकास गरिने छ ।

**<u>८९. मानव संसाधन विकास</u>**

८९.१ आधारभूत तथा माध्यामिक तहका शिक्षकहरूलाई विषयगत तथा साधारण तालिम प्रदान गरिने छ ।

८९.२ वि.व्य.स. तथा बालकक्षा शिक्षक (स.का.)लाई क्षमता अभिवृद्धि तालिमको आयोजना गरिने छ ।

८९.३ उपमहानगरपालिका, वडा तथा विद्यालय स्तरका शिक्षा आवद्ध कर्मचारीलाई विभिन्न तालिम, गोष्ठी आदिमा सहभागीहुन अभिप्रेरित गरिने छ ।

८९.४ टिचफर नेपालसंगको सहकार्य लाई निरन्तरता तथा विस्तार गरिने छ ।

८९.५ प्र.अ.हरूलाई वर्षमा १० पटक अभिमूखिकरण गोष्ठी मार्फत क्षमता अभिवृद्धि गरिने छ ।

८९.६ सवै विद्यालयले आफै प्रश्नपत्र निर्माणगरी शिक्षक निर्मित परीक्षा प्रणाली स्थापित गरिने छ । त्यसका लागि शिक्षक लाई ग्रिडमा आधारित स्तरीय प्रश्नपत्र निर्माण तालिमको व्यवस्था गरिने छ ।

८९.७ लेखासम्वन्धि कामगर्ने विद्यालयका कर्मचारीलाई लेखा सम्वन्धि तालिमको व्यवस्था गरिने छ ।

८९.८ शिक्षा महाशाखामा आवद्ध जनशक्तिलाई तालिमको व्यवस्था मिलाईने छ ।

८९.९ कम्प्यूटर र अग्रेजी माध्यममा सिकइगर्ने शिक्षकलाई तालिमको व्यवस्था गरिने छ ।

८९.१० शिक्षकको मूल्यांकन प्रणाली कार्यक्षमतामा आधारित बनाइने छ । राम्रा शिक्षकलाई पुरस्कृत गर्न मापडण्ड बनाइने छ ।

**<u>९०. स्वास्थ्य तथा पोषण</u>**

९०.१ जनस्वास्थ्य संम्वन्धि कार्यक्रमलाई विद्यालयमार्फत सहयोग गरिने छ ।

९०.२ विद्यालयमा पठनपाठन हुने स्वास्थ्य शिक्षा लाई पाठ्यक्रमको उद्देश्य अनुरूप परियोजनाकार्यमा जोड दिइने छ

९०.३ शिशु कक्षादेखि ५ कक्षासम्मका विद्यार्थीलाई प्रदान गरिदै आएको दिवाखाजा कार्यक्रमलाई विस्तार गरिने छ

९०.४ विद्यार्थीले दिवाखाजाको रूपमा प्रयोग भइरहेका चाउचाउ, विस्कुट जस्ता जंकफुड लाई निरूत्साहित गरिने कार्यक्रम संचालन गरिने छ ।

९०.५ छात्राहरूलाई महिनावरी हुदा कक्षा छाड्ने, विद्यालयमा अनुपस्थित हुने प्रवृतिलाई निरूत्साहितगर्न र छात्रा उपस्थिति दर बढाउन उपमहानगरपालिकाले सेनेटरी प्याड निर्माण सम्वन्धि तालिम र कच्चा पदार्थ विद्यालयलाइ उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

९०.६ विद्यालय हाता बाहिर वडा कार्यालय र वि.व्य.स.ले तोकेको सिमाक्षेत्र भित्र मादकपदार्थ तथा सूर्तीजन्य वस्तुहरू विक्रिवितरणमा पूर्णतः निषेध गरिने छ ।

९०.७ प्रत्येक स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यशिक्षा डेस्कराख्नका लागि समन्वय गरिने छ । सो मार्फत विद्यार्थीलाई दुइ पटक स्वास्थ्य जाचगरिने प्रवन्ध मिलाइने छ ।

**<u>९१. यूवा तथा खेलकद</u>**

९१.१ स्वरोजगार कार्यक्रम मार्फत विदेश पलायनहुने यूवा लक्षित योजना बनाइने छ । जस अन्तरगत एक Revoling Fund (कोष )को स्थापना गरि कोष मार्फत सामूहिक जमानिमा परियोजना धितो राखि विना व्याज ऋण प्रदानगर्ने विस्तृत कार्यक्रम यसै आ.व. भित्र संचालन गरिने छ । शैक्षिक प्रमाणपत्र र परियोजना धितो राखि स्वरोजगारहने यूवा समूह पहिचान गरि प्रत्येक वडामा कार्यक्रम संचालन गरिने छ ।

९१.२ . जनता विद्यापिठ विजौरीलाई बहुभाषिक भाषा केन्द्रका रूपमा विकास गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

९२. तुलसीपुर उपमहानगरपालिकावासीलाई स्वच्छ खानेपानी उपलब्ध गराइनेछ । पुराना खानेपानीको मर्मत सम्भार गरी सुचारू वनाइने र नयाँ आयोजना कार्यान्वयन गरी एकघर एक धाराको अवधारणा वमोजिम घर घरमा धारा पुर्‍याउन पहल गरिनेछ । धाराबाट पानी पुर्‍याउन सम्भव नभएका ठाँउहरूमा वैकल्पिक व्यवस्था गरिनेछ । पानी मुहानको संरक्षण, पानीको संकलन, पानीको प्रशोधन र वितरणका लागि सार्वजनिक, निजी र समुदायको सहकार्यलाई सघन वनाउँदै लगिनेछ ।

९३. फोहारलाई मोहोरमा वदल्न फोहोर संकलन,ढुवानी, फोहोरको प्रकृति अनुसार छुट्याउने र फोहोरबाट उर्जा, प्राङ्गारिक मल र पुनः उपयोगमा ल्याएर सामग्री उत्पादन गर्न निजी, सहकारी र सामुदायिक क्षेत्रसँग सहकार्य गरिनेछ । दैनिक रूपमा उत्पादन हुने घरपरिवार तह वा अस्पताल, विद्यालय, कार्यालय जस्ता सार्वजनिक क्षेत्रबाट संकलन हुने फोहरलाई व्यवस्थित रूपमा विसर्जन गर्न वा प्रशोधन गरि वित्री गर्न फोहोर गर्नेले मोहर तिर्ने विश्वव्यापी मान्यता अनुरूप आगामी आर्थिक वर्षदेखि  निजी घर तथा सार्वजनिक कार्यालयलाई सरसफाई सेवा शुल्क लगाइनेछ ।

**खेलकुद**

९४. खेलका माध्यमबाट तुलसीपुर उपमहानगरलाई परिचित गराउनुका साथै खेलाडी उत्पादनका लागि सञ्चालन गरिदै आएको मेयरकप खेल प्रतियोगितालाई केही थप खेलका साथमा यो वर्ष पनि निरन्तरता दिइनेछ ।

९५. खेलकूदको विकासका लागि आवश्यक पूर्वाधार तयार गरी सुबिधा सम्पन्न रंगशाला सहितको अन्तर्राष्ट्रिय स्तरको खेल परिसर तथा वडा तहमा एक/एक वटा व्यवस्थित खेलमैदान निर्माण गरी खेल क्षेत्रको समुचित विकास गरिने छ । खेलकुदको समुचित विकासका लागि तुलसीपुर स्पोर्टस् एकेडेमी स्थापनाको प्रक्रियालाई अगाडि वढाइनेछ । राष्ट्रिय खेलकुद परिषद्सँग भएको सहमतिका आधारमा बेलझुण्डीमा वहुउद्देश्यीय रङ्गशाला निर्माण कार्य अगाडि वढाइनेछ ।

९६. तुलसीपुर वजार क्षेत्रको एकमात्र खेलमैदानका रूपमा रहेको अरनीको मैदानलाई मिनी रङ्गशालाको अवधारणा अनुरूप पूर्वाधार विकासमा जोड दिइनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

९७. तुलसीपुरलाई महिला हिंसा, छुवाछुत, अन्धविश्वास र कुप्रथा लगायतका सम्पूर्ण गलत प्रचलन, तथा प्रवृत्तीलाई अन्त्य गरी लैङ्गिक समानता सहितको उच्च संस्कारयुक्त नागरिक तथा सभ्य समाजको निर्माण गरिने छ । साथै अन्तरजातिय नवविवाहित जोडीलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९८. 'सबैको पहुँचयोग्य भौतिक पूर्वाधार-तुलसीपुरको समृद्धिको आधार' भन्ने नीतिका आधारमा बालमैत्री, अपांगमैत्री, ज्येष्ठ नागरिक र महिलामैत्री संरचना निर्माण गरिने छ ।

९९. 'वालअधिकार-स्थानीय सरकारको सरोकार' भन्ने नीति लिई भविष्यका कर्णधार तथा सक्षम र सीपयुक्त नागरिक तयार गर्न वालमैत्री स्थानीय शासनको राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ ले निर्धारण गरेका सुचकलाइ यसै नगरपालिकाको सूचक मानी बालमैत्री स्थानीय शासनको अवधारणालाई अवलम्बन गरिएको सन्दर्भमा

बालमैत्री उपमहानगरपालिका निर्माणको प्रक्रिया अगाडि वढाइ आगामी वर्ष दुई वटा वडालाई बालमैत्री घोषणा गरिनेछ ।

१००. "तुलसीपुरको पहिचान : सबै जातजातिको सम्मान" को नीति लिई विपन्न, दलित, अल्पसंख्यक तथा लोपोन्मुख र तेश्रो लिङ्गी समुदायको उत्थानमा विशेष जोड दिन "जन उत्थान परिषद्" गठन गरिनेछ । तुलसीपुर उपमहानगरलाई आगामी चार वर्षभित्र "पूर्ण छुवाछुतमुक्त, सामाजिक सद्भावयुक्त तुलसीपुर" को निर्माण गरिनेछ । साथै दलित,थारू,गाइने, वादी तथा कुमाल लगायतका जातिका परम्परागत पेसालाई आधुनिकीकरण गर्ने जस्ता कामहरूलाई निरन्तरता दिइनेछ ।

१०१. सामाजिक न्यायका लागि, छुवाछुत प्रथा,महिला हिंसा, बोक्सी, दाइजो प्रथाका विरूद्ध सचेतनामुलक कार्यक्रम सञ्चालन गरि विशेष योजना वनाई लागु गरिने छ ।

१०२. ज्येष्ठ नागरिकको सम्मान-तुलसीपुरको स्वाभिमान' अभियानलाई सार्थकता दिन ज्येष्ठ नागरिकहरूलाई दिदै आएको न्यानो कपडा वितरणको अभियान र ज्येष्ठ नागरिकले पाउने सेवा सुविधामा सहुलियत दिनका लागि वितरण गरिएको ज्येष्ठ नागरिक परिचयपत्रलाई निरन्तरता दिइनेछ । साथै उनीहरूका लागि एक नम्वर वडाबाट सुरू गरिएको दिवा जमघट केन्द्रलाई विस्तार गर्दै लगिनेछ । ज्येष्ठ नागरिक परिचय पत्र बाहकलाई यातायात, स्वास्थ्य क्षेत्रमा दिइने सुविधा कार्यान्वयन गर्नका लागि पहल गरिनेछ ।

१०३. 'सक्षम महिला-विकासमा पहिला' अभियानका लागि महिलाहरूको सशक्तिकरण, नेतृत्व विकास, उद्यमशिलता र सीप विकास गरी महिलाहरूलाई विकास तथा निर्णय, योजना निर्माण, योजना कार्यान्वयन र अनुगमन जस्ता क्रियाकलापलाई निरन्तरता दिइनेछ । महिला पहिला शासनमा ,भाषणमा र आसनमा पहिला भन्ने कुरालाई प्राथमिकता दिएर कार्यान्वयन गरिनेछ ।

**भौतिक पूर्वाधार विकासको मुल आधार**

**सडक तथा पुल, सिँचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत,सञ्चार**

१०४. तुलसीपुर उपमहानगरपालिकाको दीर्घकालिन सोच सहितको गुरूयोजना, एकिकृत शहरी विकास योजना, भू उपयोग नीति तथा योजना, मापदण्ड सहितको सडक तथा यातायात गुरूयोजना, स्पोर्ट सिटी योजना,स्मार्ट सिटी योजना, पर्यटन गुरू योजना, आर्थिक तथा उद्यमविकास योजना लगायत विभिन्न क्षेत्रगत योजनाहरू निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेकाले यी सबै गुरूयोजनाहरू र तिनलाई कार्यान्वयन गर्न आवश्यक सहयोगी नीति र कानुन आगामी आर्थिक वर्षमा तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१०५. तुलसीपुर उपमहानगरपालिकाको वृहत्तर पूर्वाधार तथा आर्थिक विकासका लागि नगरस्तरिय गौरवका आयोजनाहरू सञ्चालनमा ल्याइनेछ । यस्ता ठूला र गौरबका योजना निर्माणका लागि आवश्यक पर्ने पूँजिको व्यवस्था सार्वजनिक, सामुदायिक, निजी र सहकारीको सहयोगमा जुटाइनेछ । थप पूँजि परिचालनका लागि बैंक, वित्तिय तथा लगानी गर्ने संस्थाहरूबाट ऋण पनि लिइ परिचालन गरिनेछ र आवश्यकता अनुसार स्थानीय स्तरमा नागरिक ऋण पत्र पनि तयार गरिनेछ । व्यापारिक भवन, रंगशाला, खेलमैदान, खानेपानी, सडक, यातायात, प्राविधिक शिक्षालय, पार्क, चिडियाखाना जस्ता गौरवका योजनाहरूको निर्माण, सञ्चालन, व्यवस्थापन र हस्तान्तरण गर्ने नीति अपनाइनेछ । यसरी विकसित र विस्तारित हुँदै जाने भौतिक पूर्वाधारका संरचनाहरूले तुलसीपुरलाई सेवा क्षेत्र र पर्यटन प्रवर्द्धनका लागि आकर्षक रोजाइको केन्द्रको रूपमा लगानीकर्ताको ध्यानाकृष्ट गर्नेछ ।

१०६. तुलसीपुर वसपार्कलाई आधुनिक, व्यवस्थित र सुरक्षित वनाई सार्वजनिक, निजी, सहकारी साँझेदारीमा सञ्चालन गरी यातायात तथा पार्किङ्ग व्यवस्थापनमा आधुनिक सुविधायुक्त, सुरक्षित र व्यवस्थित वनाई प्रयोगमा ल्याइनेछ । सुरक्षा प्रवन्धलाई विश्वसनीय वनाउन सर्भिलेन्स उपकरण जडान लगायत सवारी साधनका लागि आधुनिक प्रविधि जिपिएस) जडित आकर्षक टर्मिनल निर्माण गरिनेछ ।

१०७. तुलसीपुर उपमहानगरपालिकाको सम्पूर्ण क्षेत्रलाई यातायात सञ्जालले जोड्ने र सडकका दायाँवाँया वस्तिहरूलाई एकिकृत गर्दै जाने सोच अनुरूप ५ नम्वर प्रदेशको प्रदेश सरकारसँग सहयोग प्राप्त गरी वृहत्तर हरियाली तुलसीपुर चक्रपथ निर्माण प्रक्रियालाई अगाडि वढाइनेछ ।

१०८. तुलसीपुर उपमहानगरपालिका भित्र आगामी आर्थिक वर्षबाट नगर वस सञ्चालन गरिनेछ ।

१०९. तुलसीपुर उपमहानगरपालिकाको घना आवादी भएको शहरी क्षेत्रमा, टोल वस्तिमा सहज रूपमा दमकल, एम्वुलेन्स पुग्न सक्ने गरी सडक खोल्ने, चौडा पार्ने र आवश्यक संरचना निर्माण सहित कालोपत्रे गर्ने कार्य स्थानीय जनताको सहभागितामा निरन्तर कार्यान्वयन गरिनेछ । टोल स्तरका सडक कम्तिमा ८ मिटर , दुइ वा दुई भन्दा वढि टोल जोड्ने सडक १० मिटर , दुइ वा सो भन्दा वढि वडा जोड्ने सडकहरू कम्तिमा १२ मिटर सम्मको मापदण्ड वनाई लागु गरिनेछ । यसरी मापदण्ड अनुसार सडक निर्माण गर्नेलाई करमा छुट दिइनेछ ।

११०. पूर्वाधार विकासलाई गुणस्तरिय, प्रभावकारी र कम खर्चमा सम्पन्न गर्नका लागि विकास प्राधिकरण वनाई कायै गर्न आवश्यक नीति र वजेट व्यवस्था गरिनेछ ।

१११. पूर्वाधार तथा विभिन्न किसिमका सामाजिक एवम् सामुदायिक विकास र सामाजिक उद्यमशिलता विकास गर्नका लागि समपुरक कोष वनाई कार्य गरिनेछ ।

११२. तुलसीपुर उपमहानगरपालिकाका शहरोन्मुख वस्तिहरू तथा वडा केन्द्र रहेका स्थानहरूमा समेत यातायातको सहज सुविधा उपलब्ध गराउन तुलसीपुर उपमहानगरपालिकाले प्राथमिकताका साथ आयोजना छनोट गरी कार्यान्वयन गर्नेछ ।

११३. तुलसीपुर उपमहानगरपालिकाका सबै गाउँ,वस्ति र टोलहरू घरघरमा विद्युत सेवा उपलब्ध गराउने नीति लिइनेछ । आगामी दुई आर्थिक वर्षभित्रमा विद्युतिकरणको कार्य सम्पन्न गरिनेछ ।

११४. तुलसीपुर उपमहानगरपालिका सबै नागरिकलाई विद्युतिय सञ्चारका माध्यमहरू – रेडियो, टेलिभिजन, टेलिकम र इन्टरनेटले जोडेर प्रविधिको लाभ उपभोग गर्ने अवस्था सुनिश्चित गर्न संवद्ध सेवा प्रदायक निकायलाई प्रेरित गरिनेछ ।

११५. तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्रका खेतियोग्य उर्वर भुमिमा वाह्रैमहिना सिँचाई सुविधा उपलब्ध गराउने नीति लिइनेछ र यसक्रममा सिँचाई नपुगेका ठाउँमा सिँचाई पुर्‍याउने र आंशिक सिँचाई उपलब्ध भएको ठाउँमा वाह्रै महिना सिँचाई सुविधा उपलब्ध गराउने गरी सतह तथा भूमिगत पानीका स्रोतहरू एवम् वर्षातको पानीलाई भण्डारण गरी हिउँदमा प्रयोग गर्ने विकल्प समेत पहिल्याई सिँचाई सुविधालाई विस्तार गरिनेछ ।

११६. तुलसीपुर उपमहानगरपालिकालाई सुविधा सम्पन्न स्मार्ट सिटीको रूपमा विकास गर्नको लागि तुलसीपुर स्मार्ट सिटी गुरूयोजना कार्यान्वयन गरिनेछ । व्यवस्थित बस्ती र आधुनिक शहरको रूपमा तुलसीपुरलाई विकास गर्दै

लगिनेछ । र यसको पहिचान मोडेल शहरको रूपमा हुनेगरि मुख्य शहरका भवनका स्वरूप र सौन्दर्यलाई सबैले कायम राख्ने गरी भवन संहिता कार्यान्वयन गरिनेछ ।

११७. "जनताको चाहना वृहत आयोजना" को नीति लिई ठूला आयोजनाहरू छनोट गर्ने प्रक्रियालाई प्रोत्साहित गरिनेछ । यसका साथै हरेक वडामा कम्तिमा एउटा गौरवको आयोजना निर्माणलाई प्राथमिकता दिइनेछ ।

११८.तुलसीपुर उपमहानगरपालिकामा रहेको टरिगाउँ विमानस्थलको स्तरोन्नती, धावनमार्ग विस्तार, इन्धन डिपो स्थापना जस्ता काममा विशेष पहल गरि हवाई सेवालाई नियमित वनाउन प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ ।

११९.ऐलानी पर्ति जग्गामा वसोवास गर्ने नागरिकहरूका साथै अव्यवस्थित रूपमा वसिरहेकाहरूलाई व्यवस्थित वसोावासको व्यवस्था गरिनेछ ।

१२०. तुलसीपुर नगर क्षेत्रभित्र वढी सवारी आवागमनको घना चाप भएको क्षेत्रमा ट्राफिक वत्तिको व्यवस्था गर्ने नीति अवलम्वन गरिनेछ ।

१२१.  नगरभित्र संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा वहुउद्देश्यीय सभाहल निर्माणको प्रक्रियालाई अगाडि वढाइनेछ ।

१२२. तुलसीपुर उपमहानगरपालिकामा शव वाहन सञ्चालनमा ल्याइनेछ ।

१२३. तुलसीपुर उपमहानगरपालिका भित्रका सबै सडकहहरूको न्यूनतम मापदण्ड र नामाकरण तोकिने कार्यलाई विशेष  प्राथमिकता दिइनेछ ।

१२४. घरनक्सा पासलाई अनलाईन सिस्टममा गर्नुका साथै निर्माण सामग्रीको गुणस्तर चेक गर्न ल्यावको व्यवस्था गरिनेछ । सबै वडाहरूमा प्राविधिकहरूको व्यवस्था गरिनेछ साथै आयोजनाको सर्वे डिजाइनका लागि प्राविधिकहरूलाई विशेष तालिमको व्यवस्था गरेर सीपयुक्त र दक्ष वनाइनेछ ।

१२५. यस उपमहानगरपालिका भित्र वस्ने आमनागरिकहरू स्वच्छ पिउने पानीबाट वन्चित हुन नपरोस् भन्नका लागि निजी,सामुदायिक तथा सहकारीको साँझेदारीमा खानेपानी योजनाहरू सञ्चालन गरिनेछ ।

१२६. "सुचना तथा सञ्चार -  सुशासनको आधार" को मर्मलाई आत्मसाथ गर्दै  स्थानीय सञ्चार माध्यमलाई तुलसीपुर उपमहानगरपालिकाले प्रदान गर्ने सेवा र विकासका कार्यहरूमा सरोकारवालाको रूपमा ग्रहण गर्दै सहकार्य गर्न प्रोत्साहन गरिनेछ । नागरिक सरोकारका सबै विषयहरूको प्रकाशन र प्रसारण गरेर उपमहानगरपालिका  भित्रका जनताको विचमा विश्वास,मर्यादा र सुसम्वन्ध कायम गर्न सञ्चार क्षेत्रसँगको सहकार्यलाई विविधिकरण गर्दै लगिनेछ ।

१२७. सञ्चारकर्मीहरूलाई विकासमुलक सामग्री तयार गर्नका लागि "लेखनवृत्ती" को व्यवस्था गरिनेछ । टेलिफोन, इन्टरनेटमा नागरिकहरूको पहुँचलाई अभिवृद्धि गरिनेछ । साथै तुलसीपुर उपमहानगरपालिकासँग सम्वन्धित विभिन्न विषयमा आधारित रहेर मोवाईल एप्स बनाउने कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ  । सुविधा सम्पन्न सुचना बैक, सञ्चार कक्ष र सञ्चार कोषको स्थापना गरिनेछ । सूचनाको हक सम्बन्धि कानुनलाई व्यवहारमा कार्यान्वयन गरिनेछ ।

१२८. जनताको गुनासो सुन्न र तत्काल सम्बोधन गर्नका लागि सञ्चालनमा रहेको हेल्लो मेयर टोलफ्रि नम्वरलाई थप प्रभावकारीताका साथमा अगाडी वढाइनेछ । विकास निर्माणमा पारदर्शिता ल्याउन र सुशासन कायम गर्न सार्वजनकि सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, प्राविधिक परिक्षण जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२९. तुलसीपुर उपमहानगरपालिकाबाट सेवा प्रदत्त हुने कार्यहरूलाई सञ्चार र प्रविधिसँग जोडेर सुलभ वनाउँदै लगिनेछ ।

१३०. तुलसीपुर उपमहानगरपालिकाका समग्र विषय र क्षेत्रलाई समेटेर डिजिटल प्रोफाईल निर्माण गरिनेछ ।

१३१. तुलसीपुर उपमहानगरपालिकाको डिजिटल नक्सा तयार गरिनेछ । यसका लागि संघ र प्रदेश सरकारलाई आव्हवान गरिनेछ ।

१३२. तुलसीपुर उपमहानगरपालिका कार्यालय र वडा कार्यालयहरूलाई सुरक्षित र स्मार्ट वनाउनका लागि विद्युतिय गेट र ढोकाको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

१३३.उपमहानगरपालिकाको विभिन्न खाली ठाउँ र शहरी क्षेत्रमा डिजिटल वोर्डको प्रयोग मार्फत विज्ञापन र सूचनाहरू सम्प्रेषणमा जोड दिइनेछ ।

१३४. तुलसीपुरमा आइटि पार्क निर्माण गरिनेछ ।

१३५. तुलसीपुर उपमहानगरपालिकाका विभिन्न पार्क र सार्वजनिक स्थानहरूमा क्यापटिभ पोर्टल सहितको फ्रि वाइफाइ जोन वनाइनेछ ।

१३६. स्थानीय सञ्चार माध्यमहरूको गुणात्मक विकास, जनशक्ति व्यवस्थापन र प्राविधिक सहयोगका लागि सञ्चार नीति वनाएर सहयोग गरिनेछ ।

**वन वातावरण तथा विपद् व्यवस्थापन :** वन तथा भूसंरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फाहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, वारूणयन्त्र सञ्चालनका विषयहरू यसमा समावेश गरिएका छन् ।

१३७. तुलसीपुर उपमहानगरपालिकालाई हरियाली नगरका रूपमा विकास गरिनेछ । खाली,ऐलानी, सरकारी,पर्ति, सामुदायिक तथा निजी जग्गामा वृक्षारोपण तथा जडिवुटि खेति, व्यावसायिक फलफुल बगैचा, पारिवारीक निजी वन, हरियाली पार्क निर्माणमा जोड दिइनेछ । विरूवा संरक्षण गर्नेलाई प्रोत्साहित गर्न अनुदान र वृक्षारोपण तथा फलफलु खेति गरी विरूवा संरक्षण नगर्नेलाई निरूत्साहित गर्न जरिवानाको व्यवस्था गरिनेछ ।

१३८. तुलसीपुर उपमहानगरपालिका भित्रको फोहोर संकलन प्रक्रियालाई प्रभावकारी र वैज्ञानिक वनाउनका लागि डस्टविनमा फोहोर भरिएपछि उपमहानगरपालिकामा संकेत आउने स्मार्ट डस्टविन प्रणाली आगामी आर्थिक वर्षबाट लागु गरिनेछ ।

१३९. तुलसीपुर उपमहानगरपालिका भित्रको सम्पूर्ण सामुदायिक तथा निजी वनलाई दीगो वन व्यवस्थापनको मापदण्ड अनुसार व्यवस्थापन गरिनेछ । परम्परागत ज्ञान सीप, आधुनिक वन विज्ञान र दिगो वन व्यवस्थापनको आधारभुत सिद्धान्त उपयोग गरि वनको दीगो व्यवस्थापन गर्ने तथा वनजन्य उत्पादनका वृद्धि गर्ने गरी वन

पैदावारमा आधारित उद्यम तथा उद्योगको स्थापना, सार्वजनिक, निजी , सामुदायिक र सहकारी सहकार्यमा स्थापना गरिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डका आधारमा वनको दीगो व्यवस्थापन र वन प्रमाणिकरण गरिनेछ ।

१४०. तुलसीपुर उपमहानगरपालिकामा विपद् व्यवस्थापनका लागि स्थायी कोष निर्माण गरी सञ्चालनमा ल्याइनेछ । उपमहानगरभित्र हरेक संरचना निर्माण गर्दा विपद्, जोखिम न्युनीकरणलाई विशेष ध्यान दिइनेछ । साथै नगरका १९ वटै वडामा यस वर्ष तालिमप्राप्त खोज तथा उद्धार समूह निर्माण गरेर परिचालन गरिनेछ । मेयर विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ ।

१४१. तुलसीपुर उपमहानगरपालिका भित्र हुने धुलो धुवाँ नियन्त्रणका लागि मापन यन्त्र प्रयोग काम गरिनेछ ।

१४२. सामुदायिक वन, निजी वनलाई तत्काल तथा दीर्घकालिन रूपमा आयआर्जन हुन सक्ने जडिवुटी, काठ, दाउँरा, घाँसका लागि वहुमुल्य बोट विरूवाहरूको वृक्षारोपण गरी अनुसन्धान परिक्षण कार्यलाई अगाडि वढाइनेछ ।

१४३. पारिवारीक तथा निजी वन सञ्चालन गर्न चाहनेका लागि आवश्यक विरूवाका साथै प्राविधिक सहयोग प्रदान गरिनेछ ।

१४४. सामुदायिक वन र निजी वनलाई तत्काल तथा दीर्घकालिन रूपमा आयआर्जन हुनसक्ने जडिवुटी,काठ, दाउँरा,घाँसका लागि वहुमुल्य बोट विरूवाहरूको वृक्षारोपण गरी अनुसन्धान परिक्षण कार्यलाई सहकार्यमा अगाडि वढाइनेछ ।

१४५. तुलसीपुर उपमहानगरपालिकाको सडक किनारमा वोट विरूवा लगाएर यो ठाउँलाई हरित उपमहानगरका रूपमा विकास गर्नका लागि हरियाली कार्यक्रम सञ्चालन गर्नेछौ ।

१४६. सामुदायिक वन र स्थानीय तहमा स्रोतको पहिचान गरी वन पैदावारमा आधारित उद्यम विकासमा जोड दिन समपुरक रकमको व्यवस्था गरिने छ ।

१४७. व्यवस्थित र आधुनीक स्मार्ट सिटी विकासका लागि एकीकृत शहरी योजना कार्यान्वयनमा ल्याइने छ । जग्गालाई एकिकरण गरी वजार विस्तार गरिनेछ । जग्गा खण्डिकरण र अव्यवस्थित प्लटिङ्गलाई निरूत्साहित गरिनेछ ।

१४८. बजार व्यवस्थापन, नगर सुरक्षा र विकासमा स्वयम्सेवक परिचालनका लागि नगर प्रहरी, नगर ब्रिगेड र नगर विकास स्वयम् सेवक गठन गरी परिचालन गर्ने ।

१४९. उपमहानगरको पूर्वाधार विकासलाई गुणात्मक र तिव्र विकासका लागि तुलसीपुर पूर्वाधार विकास प्राधिकरण गठन गरी कार्य गर्ने ।

**सुशासन तथा संस्थागत विकासः**

**मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनीकरण,विद्युतिय सुचना प्रविधिको प्रयोग**

१५०. बिगतमा लगाउदै आएको कर तथा राजश्वको दर भन्दा करको दायरा बढाउने नीति अवलम्बन गरिनेछ ।

१५१. कर करले हैन रहरले तिरौ भन्ने भावनाको विकास गर्न प्रोत्साहनमुलक नीति अवलम्बन गरिनेछ ।

१५२. करदाताहरूलाई कर सम्बन्धि जानकारी गराउन तथा कर असुलीमा सहजता प्रदान गर्न कर सप्ताह, कर प्रशिक्षण सम्वन्धि कार्यक्रमको आयोजना गरिनेछ ।

१५३. विगतमा लागु गरिएको राजश्व दरबन्दिमा आवश्यक्ता र समयानुकुल थपघट गर्ने व्यवस्था गरिनेछ ।

१५४. बाढी, अग्नी लगायत प्राकृति विपद आदिबाट पिडित भएका व्यक्ति तथा समुहको लागि लाग्ने राजश्व छुट गरिनेछ ।

१५५. पर्यटन व्यवसाय या पर्यटन स्थलमा संचालन गर्ने व्यवसायीलाई अनुदान तथा ३ वर्ष सम्म व्यवसायिक करमा छुट दिइनेछ ।

१५६. १०० जना भन्दा बढि कामदारलाई रोजगारी दिने उद्योगलाई पहिलो ३ वर्षको कर ५० प्रतिशत मात्र गर्ने र उक्त उद्योगका लागि सडक, वत्ति लगायतका आवश्यक पुर्वाधार विकास गरिनेछ ।

१५७. घरबाटो सिफारिसमा महिला लाई २५ प्रतिशत छुट र औषद्यी उपचार तथा अपाङ्ग परिचय पत्रको लागी निशुल्क सिफारीस दिने निति लागु गरिनेछ ।

१५८. व्यवसाय कर समयमै भित्रै तिर्नेलाई छुट तथा ढिलो गर्नेलाई जरिवानाको व्यवस्था गरिनेछ ।

१५९. यस उपमहानगरपालिकाको वडा नं. १ र २ सबै / वडा नं. ३, ४ र १९ को पहाडि क्षेत्र / १३, १४, १५ र १६ मा उद्योग व्यवसाय दर्ता तथा संचालन शुल्कमा ५० प्रतिशत छुट दिन व्यवस्था मिलाईने छ ।

१६०. दलित र महिलाहरूले दर्ता तथा संचालन गर्ने उद्योग तथा व्यवसायमा २५ प्रतिशत छुट दिने व्यवस्था गरिनेछ ।

१६१. अपांग भएकाले दर्ता तथा संचालन गर्ने उद्योग तथा व्यवसायमा ५० प्रतिशत छुट व्यवस्था गरिनेछ

१६२. करदाताहरूलाई कर भुक्तानका लागि सहज र आफ्नै क्षेत्रमा सहज पहुँच पुगोस भन्ने हेतुले आगामी २०७५ श्रावण १ गतेदेखि सम्पुर्ण सम्बन्धीत वडा कार्यालयबाट कर वुझ्ने व्यवस्था मिलाइनेछ ।

१६३. कार्यालयमा चियाको समय पनि कर्मचारीहरूलाई आलोपालो प्रणाली र भौतिक संरचना तथा सुविधासम्पन्न गर्ने व्यवस्था मिलाईनेछ ।

१६४. उपमहानगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरू तथा सरकारी निकायको जग्गामा आर्थिक विकास प्रयोजनको रूपमा प्रयोग गर्ने व्यवस्था मिलाईनेछ । खुल्ला क्षेत्र संरक्षणमा ध्यान दिइनेछ ।

१६५. तुलसीपुर उपमहानगरपालिका भित्रका ताल, सार्वजनिक स्थल, पर्यटकीय स्थल, खेल मैदान आदिलाई सार्वजनिक निजी सहकारी र समुदायको सहकार्यमा संरक्षण व्यवस्थापन गरिनेछ । सो बाट प्राप्त लाभको न्यायोचित वितरणलाई प्रभावकारी वनाइनेछ ।

१६६. सवारी पार्किङ्गस्थलको व्यवस्थापन गरी पार्किङ्ग शुल्क लिइनेछ ।

१६७. आलुमण्डी, सब्जीमण्डी, मासुमण्डी तथा अन्य स्थानको जग्गाभाडा तथा घरभाडा असुली प्रक्रियालाई सहज र सजिलो हुने व्यवस्था मिलाईनेछ ।

१६८. पटके सवारी कर र सवारी कर लाई व्यवस्थित रूपमा असुल गर्न आवश्यक कार्यको व्यवस्था मिलाउनछे ।

१६९. नगर क्षेत्रमा एउटा Night Street व्यवसाय संचालनको लागि आवश्यक कार्यको थालनी गरिनेछ ।

१७०. बहुउद्देश्यीय तुलसीपुर ट्रेड टावरको स्थापना गरि सुविधा सम्पन्न व्यवसायिक सटरहरू निर्माण गरि पर्यटन तथा आर्थिक विकास गरिनेछ ।

१७१. उद्योगग्राम स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१७२. तुलसीपुरमा बृहत लगानी सम्मेलनको आयोजना गरिनेछ ।

१७३. नगर सेवा उपभोग कर लागु गरिनेछ ।

१७४. ढुंगा, गिट्टि, बालुवा तथा जडिबुटीबाट अधिक राजश्व संकलनका लागि सम्बन्धित तहसंग समन्वय गरिनेछ ।

**सुशासन र सदाचार**

१७५. संघीय सरकारले लागु गरेको सदाचार नीतिलाई कार्यान्वयन गरी अनुगमन गरिनेछ । भ्रष्टाचारप्रतिको शुन्य सहनशिलतालाई संस्कारको रूपमा विकास गरिनेछ । तुलसीपुर उपमहानगरपालिका क्षेत्रलाई भ्रष्टाचारमुक्त क्षेत्रका रूपमा विकास गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गर्नका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगसँग सहकार्य गरिनेछ । जनताको भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति सम्वन्धि गुनासो उजुरीको अनुसन्धान , सुनुवाई र कारवाही गर्नका लागि नगरप्रमुखको मातहतमा रहने गरी विशेष इन्टेलीजेन्स ब्युरो स्थापना गरी कार्यान्वयन गरिनेछ

१७६. उपमहानगरपालिकाबाट दिइने सेवालाई चुस्त, दुरूस्त, पारदर्शी र प्रविधिमैत्री वनाउनका लागि यस आर्थिक वर्षमा उठाइएको इ गभर्नेन्सको नीतिलाई आगामी आर्थिक वर्षबाट कार्यान्वयनमा लगिनेछ ।

१७७. सार्वजनिक सेवा प्रदान गर्ने सरकारी तथा गैरसरकारी, निजी क्षेत्र, सहकारी र समुदायलाई मुस्कान सहितको सेवा प्रदान गर्न आधारभुत प्रशिक्षणलाई यो वर्ष पनि निरन्तरता दिइनेछ । जनप्रतिनिधि, कर्मचारी तथा सेवा प्रवाह गर्ने अन्य निकायको क्षमता विकासमा विशेष जोड दिइ लागु गरिनेछ । लामो समयदेखि कार्यरत कर्मचारीलाई सेवा अवधि अघि नै नोकरीबाट स्वेच्छिक अवकाश लिन चाहेमा विशेष सेवा, सुविधा "गोल्डेन ह्यान्डसेक" सहित सम्मानजनक ढंगले विदाई गरिनेछ । उत्कृष्ट कार्य गर्ने कर्मचारी, टोल विकास संस्था, उपभोक्ता समिति लगायत सेवामुलक कार्यमा संलग्न सबैलाई विशेष सभाको आयोजना गरी पुरस्कृत र सम्मानित गरिनेछ । जनताको सुचनाको हकलाई स्थापित गर्न सेवाग्राहीले मागेका सुचनालाई समयमै उपलब्ध गराइनेछ ।

१७८. आयोजना जाँचपास तथा फरफारकका लागि वडास्तरका आयोजनाहरूको लागि सहज र प्रभावकारी वनाईनेछ ।

१७९. नेपाल सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिवद्धता, संघीय तथा प्रदेश सरकारले निर्धारण गरेका प्राथमिकता र दीगो विकास लक्ष्य प्राप्त गर्नेगरी स्थानीय स्तरमा नीति , रणनीति, कार्यक्रम र कार्ययोजना वनाई आवश्यक कार्य गरिनेछ ।

१८०. उपभोक्ता समितिले अनिवार्य रूपमा विकास निर्माण चुस्त दुरूस्त रूपमा सम्पन्न गर्छु भनी सपथ लिनुपर्ने, आयोजनाको सम्पूर्ण विवरण सुचनापाटीमा टाँसेको हुनुपर्ने र निर्माण गरेको संरचना ३ वर्ष भित्र भत्केमा त्यसको मर्मतको जिम्मेवारी स्वयम् उपभोक्ता समितिले लिनुपर्नेछ ।

१८१. लैंगिक हिंसामा परेका व्यक्ति, जोखिममा परेका वालवालिका र ज्येष्ठ नागरिकहरूलाई हेरविचारका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१८२. नगर, वडा र टोलस्तरमा महिला सुरक्षा समुह गठन गरि महिलामाथि हुने सबैखाले हिंसा अन्त गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । आवश्यकता अनुसार महिला, वालवालिका तथा ज्येष्ठ नागरिक सुरक्षा गृह सञ्चालनमा ल्याइनेछ । किशोरकिशोरी सचेतना कार्यक्रम गर्नुका साथै किशोरीहरूको क्षमता विकास तथा आत्मरक्षाका लागि विशेष प्रतिरक्षा तालिम तथा स्मार्ट छोरी कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

१८३. हरेक वडा, टोल र वस्तिको नयाँ पहिचान विकास गरी पहिचानयुक्त समावेशी विकासमा जोड दिइनेछ ।

१८४. गरिबीको बहुपक्षिय सुचकांकलाई सम्बोधन गर्ने गरी भोकमरी तथा गरिबीको अन्त गरी समृद्ध समाज निर्माण गर्न गरिब विपन्नहरूलाई संगठित गर्दै सुरक्षित आवास, पोषण, स्वास्थ्य, शिक्षा र रोजगारी प्रवर्द्धन गर्न मेयर सुरक्षित आवास कार्यक्रम सञ्चालन गरिनेछ । कार्यक्रममा वाढी पहिरो तथा प्राकृतिक विपद्‌बाट प्रभावित, जोखिममा रहेका श्रमिक तथा मजदुरहरू, भुमिहिन तथा सुकुम्बासीहरूको आवास निर्माणलाई समेत समावेश गरिनेछ ।

१८५. जनतालाई आवश्यक उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति, वितरण, मूल्य तथा गुणस्तर नियन्त्रण र अनुगमनका लागि सरकारी, निजी एवम् सामुदायिक संस्थाहरूका बीच प्रभावकारी समन्वय स्थापनाका साथै नीतिगत एवम् संरचनागत व्यवस्था गरिनेछ ।

१८६. संस्थागत विकास र पूर्वाधार निर्माणका लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

१८७. जनताको खाद्य सम्प्रुभताको अधिकारलाई सुनिश्चित गर्न तुलसीपुर उपमहानगरलाई भोकमरीमुक्त, खाद्य र पोषणयुक्त सुविधा सहितको उपमहानगर बनाइन जनताको गुणस्तरिय खाद्य अधिकारको प्रत्याभुति गर्न उत्पादित तथा वजारमा उपलब्ध वस्तुहरूको गुणस्तरियता कायम गर्न अनुगमन र नियमनको प्रक्रियालाई प्रभावकारी रूपले सञ्चालन गरिनेछ

१८८. 'मेरो पनि बैंक खाता' अभियानलाई निरन्तरता दिइनेछ । तुलसीपुरका हरेक नागरिकलाई अनिवार्य बैंकिङ कारोवारमा प्रोत्साहन गरी नगदविहिन आर्थिक कारोवारलाई निरन्तरता दिइनेछ ।

१८९. न्यायिक समितिलाई थप व्यवस्थित र जनशक्तियुक्त वनाउँदै जनतालाई छिटो छरितो न्याय प्रदान गर्ने कामलाई प्रभावकारी ढँगले अगाडि वढाइनेछ । न्यायिक समितिका पदाधिकारीहरूलाई विशेष प्रभावकारी वनाइनेछ । वडा वडामा मेलमिलापकर्ताको सूचि तयार गरी मेलमिलापलाई प्रोत्साहन गरिनेछ

१९०. लागुपदार्थ दूर्व्यसनी नियन्त्रण, मानव तस्करी ,वेचविखन जस्ता जघन्य अपराधहरूलाई निरूत्साहित गर्नका लागि अभियान सञ्चालन गरिनेछ ।

१९१. जनताको घरदैलोमा सेवा दिने संस्था वडा कार्यालयलाई प्रभावकारी र सुविधा सम्पन्न वताईनेछ ।

१९२. इ-गभर्नेन्स कार्यान्वयनमा ल्याउनको लागि सम्पुर्ण सफ्टवेयरहरूलाई एकीकृत सुचना प्रणालीमा आवद्ध गराई नगरको काम कार्वाही तथा सुचना व्यवस्थापनलाई सहज बनाउने उद्देश्यले उपमहानगरपालिका कार्यालयमा डाटा सरवर स्थापना गरिनेछ ।

१९३ .उपमहानगर भित्रको कृषि योग्य जग्गाको माटो, मौसम, मल, आदिको बिवरण सहित कृषकलाई थप राहत पुर्‍याउन सेन्सर सहितको कृषि मोवाइल एप्स जडान तथा संचालन गरिनेछ ।

१९४ .उपमहानगरपालिकासँग सम्बन्धित जुनसुकै प्रकारका सुचनाहरूको सहज उपलब्धताको आवश्यक व्यवस्था गरिनेछ । पारदर्शिता, सुशासन तथा जवाफदेहिता प्रवर्धन, सुचनामा जनताको पहुँच विस्तारका लागि सुचना केन्द्रलाई प्रभावकारी रूपमा सुचना प्रवाहमा लगाइनेछ । सहज सुचना उपलब्धताको लागि मोबाइल एप तथा वेभसाइटमा आवश्यक परिमार्जन गरिनेछ ।

१९५.अध्ययन, अनुसन्धान र प्रविधिलाई प्रभावकारी वनाउनका लागि तुलसीपुरमा आविष्कार केन्द्र खोलिनेछ ।

**नगर सभाका सदस्यहरूज्यू,**

नीति तथा कार्यक्रम तर्जुमा गर्न  तपाईहरूको साथ, सहयोग र सुझावका लागि हार्दिक सह्राना व्यक्त गर्दछु । यसैगरी राजनीतिक दल, निजी क्षेत्रका उद्योगी व्यापारी, प्राज्ञिक क्षेत्र, पूर्व जनप्रतिनिधि, समाजका लब्ध प्रतिष्ठित व्यक्तित्वहरू , विशेष विज्ञहरूबाट प्राप्त सुझावका लागि पनि धन्यवाद दिन चाहन्छु । तुलसीपुर उपमहानगरपालिकाको दैनिक कार्य सञ्चालनमा आफ्नो ज्ञान, सीप र सेवाभाव लगाइरहनु भएका सम्पूर्ण कर्मचारीलाई पनि धन्यवाद दिन चाहन्छु । हरेक गतिविधिलाई सत्य तथ्यमा आधारित भएर जनता सामु पुर्‍याउन सञ्चार क्षेत्रले खेलेको भुमिकाको प्रशंसा गर्दै नीति तथा कार्यक्रम तर्जुमा गर्न प्राप्त सुझावलाई पनि स्मरण गर्न चाहन्छु । संघ र प्रदेश सरकारले विकास र नीतिगत तहमा सहकार्य गर्दै आएको केन्द्र र प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । अब यो नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा पनि यसैगरी सबै पक्षबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै मेरो सम्बोधनलाई यही विसाउँदछु । धन्यवाद